मिति २०७६/०७/२२

# कम्प्युटर एशोसिएशन नेपाल महासँघ (क्यान महासँघ
## निर्बाचन समितिको कार्यालय
## निर्बाचन कार्यक्रमको सूचना

यस कम्प्युटर एशोसिएशन नेपाल महासँघ (क्यान महासँघ) को मिति २०७६/०८/०७ मा हुने बार्षिक साधारण सभाबाट निर्बाचित गर्नु पर्ने ४२ सदस्यीय कार्य समिति मध्ये अध्यक्ष - १ प्रत्येक्ष निर्बाचनबाट र सदस्य ३८ मध्ये जिल्ला शाखा समूहबाट १४ जना (प्रत्येक प्रदेशहरुबाट २ जना ) ब्यक्तिगत समूह सदस्यहरुबाट १० जना मध्ये ब्यक्तिगत साधारण सदस्यबाट ७ जना र ब्यक्तिगत आजिवन सदस्यहरुबाट ३ जना, सँस्थागत समूह सदस्यहरुबाट १० जना मध्ये सँस्थागत साधारण सदस्यबाट ७ जना र सँस्थागत आजिवन सदस्यहरुमध्ये ३ जना र बिषयगत समूहबाट ४ जना गरि जम्मा ३९ जना र लेखा समितिको ३ जना सदस्यहरु (जिल्ला शाखा, ब्यक्तिगत र सँस्थागत सदस्यहरु मध्येबाट) को निर्बाचनको प्रयोजनको लागि निम्न लिखित बमोजिमको निर्बाचन कार्यक्रमको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | समय | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०७६।०७।२५ | दिनको | ११:०० | क्यान महासँघको कार्यालय |
| २ | मतदाता नामाबलीमा दाबी बिरोध गर्ने | २०७६।०७।२६ | १०:०० | १२:०० | " " |
| ३. | मतदाता नामावलीमा छानबिन गरि अन्तिम मतदाता नामाबली प्रकाशित गर्ने | २०७६।०७।२७ | | ११:०० | " " |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७६।०८।०१ | १०:०० | १:०० | " " |
| ५. | मनोनयन पत्र दर्ता भएका उम्मेदबारको सूचि प्रकाशित गर्ने । | २०७६।०८।०१ | ३:०० | ५:३० | " " |
| ६. | उम्मेदबारको बिरोधमा उजुरी दिन सक्ने । | २०७६।०८।०२ | १०:०० | १२:०० | " " |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | उम्मेदवारको मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गरि उम्मेदबारको नामाबली प्रकाशित गर्ने | २०७६।०८।०३ | १०:०० | ११:०० | " " |
| ८. | उम्मेदवारले आफ्नो मनोनयन पत्र फिर्ता लिने । | २०७६।०८।०३ | १२:०० | ३:०० | " " |
| ९. | उम्मेदबारको अन्तिम नामाबली प्रकाशन गर्ने । | २०७६।०८।३ | ३:३० | ५:३० | " " |
| १०. | मतदान गर्ने । | २०७६।०८।०७ | दिनको १२:०० देखि ५:०० सम्म | | " " |
| ११. | मतगणना गर्ने । | मतदान समाप्त भए पछि | | | " " |
| १२. | मतगणनाको परिणाम घोषणा गर्ने | मतगणना सकिए पछि | | | " " |

नोट :

१. उम्मेदबारले आफ्नो उम्मेदबारी मनोनयन पत्र दर्ता गर्न आउँदा आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र सक्कल सहित उम्मेदबार स्वयम उपस्थित हुनु पर्नेछ  साथै सदस्य पदमा उम्मेदबार हुन इच्छा गर्ने उम्मेदबार आफू जुन समूहको हो सोही समूहको प्रस्ताबक सर्मथक हुनु पर्नेछ ।

२. उम्मेदबार हुन सँस्थाको बिधान बमोजिमको अयोग्य नरहेको हुनु पर्नेछ ।

३. उम्मेदबारी मनोनयन पत्र दर्ता दस्तुर निम्नानुसार लाग्नेछ ।

(क) अध्यक्ष रु. २५,०००/ (पच्चिस हजार)

(ख) सदस्य रु. १०,०००/ (दश हजार)

(ग) लेखा समिति सदस्य रु. १०,०००/ (दश हजार)

४. उम्मेदबारले दरखास्त साथ आफू वा आफू सँलग्न फर्म, कम्पनीबाट महासँघलाई कुनै दस्तुर, शुल्क, बक्यौता तिर्न बाँकी नरहेको भन्ने सिफारिस पेश गर्नु पर्नेछ ।

५. निर्बाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्बजनिक बिदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

६. मतदान हुने दिन २०७६/०८/०७ गते जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समय देखि ५ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ ।

७. मतदाताहरुले नेपाल सरकारले जारी गरेको आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ ।

८. कुनै उम्मेबारको नामाबली उपर कोही कसैको दार्बी बिरोध परेमा सो जानकारी सम्बन्धित उम्मेदबारलाई निजले उपलब्ध गराएको मोबाइल नं. मा निर्बाचन अधिकृतको मोबाइल नं. ९८५११४०८०५ बाट फोन गरि वा SMS बाट गराइने छ । उक्त सूचना सम्प्रेषण भएको ५ घण्टा भित्र निर्बाचन अधिकृत समक्ष उपस्थित भई आफ्नो ब्यहोराको लिखित रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

९. मनोनयन पत्रको फारम महासंघको वेबसाइट **www.can.org.np** बाट डाउनलोड गर्न सकिने छ ।

१०. अन्य थप जानकारीको लागि महासँघबाट प्रकाशित सूचना तथा निर्बाचन समितिले प्रकाशित गरेका सूचनाहरु हेर्न हुन सुचित गरिन्छ ।

०७६।०८।२२

लीलामणि पौडेल

प्रमूख निर्बाचन अधिकृत